मण्डनदेउपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महादेवस्थान, काभ्रे ।

## बोयर बोका खरिदको लागि सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना ।

**(प्रथम पटक प्रकाशित मिति: २०७८।०२।२६)**

यस कार्यालयको चालु आ.व.०७७/०७८ को बार्षिक कार्यक्रम अनुसार बोयर बोका खरिद गरी किसानहरुलाई बितरण गर्न सिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नुपर्ने भएकोले बोका उपलब्ध गराउन इच्छुक व्यक्ति, कृषिफर्म तथा सप्लायर्सहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र सिलबन्दी दरभाउपत्र खरिद गर्न आब्हान गरिएको छ ।

| बोलपत्र नं | विवरण | जमानत रकम | संख्या | लागत अनुमान (सम्पूर्ण कर सहित) | दरभाउपत्र पेश गर्ने अन्तिम मिति | दरभाउपत्र मान्य अवधि |
|---|---|---|---|---|---|---|
| ५/ Goods / SQ / MDM/२०७७/०७८ | बोयर बोका खरिद | रु २५,०००।० | १२ | रु ८,७३,६००।० | २०७८।३।१० गते, दिनको १२:०० बजेसम्म | ४५ दिन |

१. **प्राबिधिक स्पेसिफिकेशन**

बोयर जातको कम्तीमा ७५% क्रस गुण भएको, उमेर कम्तीमा ६ महिना पुरा भएको, कुनै किसिमको शारिरीक विकृति नभएको, उचाई कम्तीमा ४५ से.मि. र पातादेखि पुच्छरको फेदसम्म लम्वाई कम्तिमा ५५ से.मि.भएको , तौल २४ के.जी. देखि ३० के.जी. सम्म भएको, दुवै अण्डकोष बराबरी भई प्रष्ट देखिने ,आवश्यक खोप लगाइएको र स्वास्थ्य परिक्षण गर्दा मापदण्ड पुगेको हुनुपर्नेछ ।

२. सिलबन्दी दरभाउपत्र खरिदको लागि दिइने निवेदन साथ दरभाउपत्र फाराम दस्तुर वापत रु.१०००।- (अक्षेरुपी एक हजार मात्र)पछि फिर्ता नहुने गरि यस कार्यालयको **ग्लोबल आई.एम ई बैंक,महादेवस्थान कुन्ता शाखा**को **आन्तरिक राजस्व खाता नं.N४०४०१००००१०** मा जम्मा गरेको सक्कलै भौचर, चालु आ.व.सम्मको लागि बहाल रहने गरी नविकरण गरिएको फर्म दर्ता प्रमाण-पत्र, आयकर दर्ता तथा मूल्य अभिवृद्धिकर दर्ता प्रमाण-पत्र, आ.ब.०७६/०७७ को कर चुक्ता प्रमाण-पत्र राखिएको हुनु पर्नेछ ।

३ रितपूर्वक दर्ता हुन आएका दरभाउपत्रहरु दरभाउपत्र पेश गर्ने अन्तिम मितिको दिनको २.०० बजे यस कार्यालयमा खोलिने छ ।

४. सिलबन्दी दरभाउपत्र दर्ता गर्दा सूचनामा तोकिए बमोजिमको जमानत वापतको रकम यस कार्यालयको ग्लोबल आई.एम ई बैंक,महादेवस्थान कुन्ता शाखाको **धरौटी खाता नं.N४०४०१००००००८** मा नगद जम्मा गरेको सक्कलै भौचर वा दरभाउपत्र खोलिने मितिले कम्तीमा ७५ दिनको मान्य अवधि रहने गरी वाणिज्य बैंकबाट जारी गरिएको बैंक जमानत(बैंक ग्यारेन्टी) सिलवन्दी दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ ।

५. दरभाउपत्रको प्रत्येक पानामा दरभाउपत्र दाताको आधिकारिक व्यक्तिको सही र छाप अनिवार्य रुपमा लागेको हुनु पर्नेछ ।

६. **दरभाउपत्र पेश गर्दा प्रति के.जी. को दर रेट** (मु.अ.कर लाग्नेको हकमा मूल्य अभिवृद्धि कर सहित) **उल्लेख गर्नु पर्नेछ ।**

७. बोलकबोल गरेको रकम अंक र अक्षर दुबैमा स्पष्ट बुझिने गरी लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेखित रकमलाई कायम गरिनेछ ।

८. यो सूचनामा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम र सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली,२०६४ बमोजिम हुनेछ ।

९. नगरपालिकाले तोकेको प्राविधिकवाट स्वास्थ्य परिक्षण गर्दा तोकिएको मापदण्ड नपुगेको अवस्थामा उक्त बोका वुझ्न नगरपालिका वाध्य हुने छैन ।

१०. बोकाहरु मण्डनदेउपुर नगरपालिकाले तोकिएको स्थानसम्म ढुवानीको व्यवस्था गर्नु पर्नेछ ।

११. सम्झौता भएको मितिले ७ दिन भित्र सम्पुर्ण बोकाहरु बुझाई सक्नु पर्नेछ ।

१२. कृषि फर्म तथा सप्लायर्सले बोकाहरु संकलन स्थलमा जम्मा गरि १ दिन राखेपछि मात्र प्राविधिक समितिले स्वास्थ्य परिक्षण गरि उपयुक्त बोकाहरु छनौट गर्नेछ ।

१३. वितरित बोकाहरुको वीमालेख क्रियाशिल नभएसम्म कुनै क्षति भएमा सम्वन्धित सप्लायर्सको नै जिम्मेवाारी रहनेछ ।

१४. बोकाहरु ढुवानी गर्दा पशु मापदण्ड पूर्ण पालना गरि ल्याउनु पर्नेछ ।

१५. खरिद कार्य सम्वन्धी निर्णय गर्ने सम्पुर्ण अधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

१६. बिस्तृत प्राबिधिक स्पेसिफिकेशन र बोलपत्रको दररेट फाराम यस कार्यालयको वेबसाइटमा राखिएको छ, वेबसाइटबाट सिलबन्दी कोटेशन ( दरभाउपत्र) फाराम डाउनलोड गरी पेश गर्ने बोलपत्रदाताहरुले दरभाउपत्र फाराम दस्तुर वापत रु.१०००।- बुदा नं.२ मा उल्लेखित आन्तरिक राजस्व खातामा दाखिला गरेको सक्कलै बैंक भौचर दरभाउपत्र फारामसाथ पेश गर्नुपर्नेछ । अन्य आवश्यक कुराहरु जानकारी लिनु परेमा कार्यालयको पशुसेवा शाखामा सम्पर्क राख्न सकिनेछ । **(सम्पर्क नं: ९८५१२५५२५३ )**

**प्रमुख प्रशासकीय अधिकृत**

मण्डनदेउपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महादेवस्थान ,काभ्रे ।

# बोयर बोका खरिदको लागि सिलबन्दी दरभाउपत्रको दररेट पेश गरिएको फाराम

आ.ब.२०७७।०७८

खरिद योजनाको नाम : बोयर बोका खरिद तथा वितरण

बोलपत्र नं : ५/ Goods / SQ / MDM/२०७७/०७८

मण्डनदेउपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महादेवस्थान ,काभ्रे ।

मिति: २०७८/२/२६

**बोयर बोका खरिदका लागि स्वीकृत स्पेसिफिकेशन ।**

१. बोयर जातको कम्तीमा ७५% कस गुण भएको हुनु पर्नेछ ।
२. उमेर कम्तीमा ६ महिना पूरा भएको हुनु पर्नेछ ।
३. कुनै किसिमको शारिरीक विकृति नभएको हुनु पर्नेछ ।
४.बोकाको अगाडीको खुट्टा भुई देखि पाताको माथिल्लो भाग सम्मको उचाई कम्तीमा ४५ से.मि. र पाता देखि पुच्छरको फेद सम्म लम्वाई कम्तिमा ५५ से.मि.भएको हुनु पर्नेछ ।
५. शारिरीक तौल न्यूनतम २४ के.जी. देखि अधिकतम ३० के.जी. सम्म हुनुपर्नेछ ।
६. प्रजनन योग्य वोयर क्रस जातको बोकाको दुबै अण्डकोष बराबरी भई प्रष्ट देखिने हुनुपर्नेछ ।
७. आवश्यक खोप (खोरेत,एच.एस/वि.क्यू.पि.पि.आर.)लगाएको स्वस्थ्य प्रमाणपत्र पेश गर्नुपर्नेछ ।
८. नगरपालिकाले तोकेको प्राविधिकवाट स्वास्थ्य परिक्षण गर्दा तोकिएको मापदण्ड नपुगेको अवस्थामा उक्त बोका वुभ्न नगरपालिका वाध्य हुने छैन ।
९. बोकाहरु मण्डनदेउपुर नगरपालिकाले तोकिएको स्थान सम्म ढुवानीको व्यवस्था गर्नु पर्नेछ ।
१०.सम्झौता भएको मितिले ७ दिन भित्र सम्पुर्ण बोकाहरु बुझाई सक्नु पर्नेछ ।
११.कृषि फर्म तथा सप्लायर्सले बोकाहरु संकलन स्थलमा जम्मा गरि १ दिन राखेपछि मात्र प्राविधिक समितिले स्वास्थ्य परिक्षण गरि उपयुक्त बोकाहरु छनौट गर्नेछ ।
१२.वितरित बोकाहरुको वीमालेख क्रियाशिल नभएसम्म कुनै क्षति भएमा सम्वन्धित सप्लायर्सको नै जिम्मेवारी रहनेछ ।
१३. बोकाहरु ढुवानी गर्दा पशु मापदण्ड पूर्ण पालना गरि ल्याउनु पर्नेछ ।
१४. यस सम्वन्धी निर्णय गर्ने सम्पुर्ण अधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

तयार गर्ने
ध्रुव प्रसाद पराजुली
संयोजक ,पशुपन्छी शाखा

श्री मण्डनदेपुर नगरपालिका,

काभ्रेपलाञ्चोक ।

बिषय: **शिलबन्दी कोटेशन पेश गरिएको ।**

त्यस कार्यालयको मिति :२०७८/२/२६ गते प्रकाशित **बोयर बोका खरिदको लागि सिलबन्दी दरभाउपत्र आब्हान** गरिएको सूचना बमोजिम तपसिल बमोजिमको शिलबन्दी कोटेशन (दररेट) पेश गर्दछु । नगरपालिकाबाट प्रकाशित सुचनामा उल्लेखित शर्त, नगरपालिकाले तयार गरेको मापदण्ड र प्राबिधिक स्पेसिफिकेशन साथै प्रचलित ऐन, नियमावली र नगरपालिकाको नीति अनुसार कार्य सम्पादन तोकिएको समयभित्र सम्पन्न गर्ने गरी तपसिल बमोजिमको सिलबन्दी कोटेशन (दरभाउपत्र) पेश गर्दछु ।

## तपसिल

| क्र.स | बोलपत्र नं. | विवरण | संख्या | अनुमानित औषत परिमाण | बोलकबोल गरेको रकम | |
|---|---|---|---|---|---|---|
| | | | | | प्रति के.जी. मुल्य(दररेट) | कुल कबोल रकम |
| १ | ५/Goods/SQ/ MDM/२०७७/०७८ | बोयर बोका खरिद | १२ | ३३६ के.जी. | रु. | रु. |
| | | | | | | |
| | **बोलकबोल गरेको रकम प्रति के.जी. (अंकमा )** | | | | | रु. |
| | **प्रति के.जी. (अक्षरमा )** | | | | | रु. |
| | **बोलकबोल गरेको कुल रकम (अंकमा )** | | | | | रु. |
| | **कुल रकम (अक्षरमा )** | | | | | रु. |

माथि उल्लेखित बोयर बोका (**कम्तीमा ७५% कस गुण भएको** ) खरिद कार्यका लागि तोकिएको जमानत रकम रु.२५,०००।० (पचीस हजार) ताहाँ कार्यालयको नाममा नगदै जम्मा गरेको ..... ...... .... ..... .... बैकको नं ... .. .... ... को भौचर/ताहाँ कार्यालयको नाममा जारी गरिएको ...... ..... ..... ...... .. ...बैकको बैंक ग्यारेन्टी नं... ..... ..... ....... मिति:२०७८। । को बैंक जमानत पत्र यसैसाथ सम्लग्न गरेको छु ।

**सिलबन्दी दरभाउपत्र पेश गर्नेको:**

हस्ताक्षर :

मिति:२०७८ । ।

नाम,थर :

फर्म/कम्पनीको नाम :

ठेगाना :

पत्राचार गर्ने ठेगाना :

**सम्लग्न कागजातहरु:**

इमेल ठेगाना :

१.
२.
३.
४.
५.